
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस २७ गते बुधबार ❑ 11 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## प्रधानमन्त्री दाहाललाई २६८ मत

रासस
पोखरा, २६ पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभाबाट दुई तिहाइ बढी विश्वासको मत प्राप्त गर्नुभएको छ ।

प्रतिनिधिसभामा मंगलबार भएको विश्वासको प्रस्तावको मतदानमा उहाँको पक्षमा दुई सय ६८ र विपक्षमा दुई मत परेको थियो ।



बैठकमा पाँच जना सांसद अनुपस्थित हुनुहुन्थ्यो भने बैठकमा कूल दुई सय ७० सांसद उपस्थित हुनुहुन्थ्यो । सभाका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराले उक्त मत विभाजनको मतपरिणात सार्वजनिक गर्दै सो जानकारी दिनुभयो । सांसदहरू अम्बिका बस्नेत, किशोरसिंह राठौर र मनोरमा शेरचन सदनमा अनुपस्थित हुनुहुन्थ्यो । यस्तै सभाका ज्येष्ठ सदस्य जबरा सभा सञ्चालनमा हुनुहुन्थ्यो भने फौजदारी अभियोग लागेका सांसद टेकबहादुर गुरुङ सभामा अनुपस्थित रहनुभयो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहाललाई यही पुस १० गते प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको हो । प्रतिनिधिसभा सदस्यको यही मंसिर ४ गते भएको निर्वाचनमा ३२ सिटसहित माओवादी केन्द्र तेस्रो ठूलो दलका रुपमा सदनमा छ ।

उहाँले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत लिनुभएको हो । धारा ७६ उपधारा (२) अनुसार नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम त्यसरी नियुक्त भएको एक महिनाभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्नेछ ।

प्रधानमन्त्री दाहाललाई नेपाली कांगेस, नेकपा (एमाले), माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी र केही स्वतन्त्र सांसदले विश्वासको मत दिएका छन् ।

## पोखरामा अन्तर्राष्ट्रिय उडानका लागि पहल गर्छु : मुख्यमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

गण्डकी प्रदेशका नवनियुक्त मुख्यमन्त्री खगराज अधिकारीले पोखरा क्षेत्रीय अन्तर ाष्ट्रिय विमानस्थलमा अन्तर ाष्ट्रिय उडानका लागि पहल गर्ने बताउनुभएको छ ।

पोखरा महानगरपालिकाको १२ औं नगरसभाको बुधबार उद्घाटन गर्दै उहाँले विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडानका विषयमा प्रधानमन्त्रीलाई भेटेरै कुरा राख्ने उल्लेख गर्नुभयो ।

'अन्तर्राष्ट्रिय उडानका लागि अन्य देशको अनुमति लिन पहल गर्छौं, कनेक्टिभिटीका लागि यो अत्यावश्यक छ', मुख्यमन्त्री अधिकारीले भन्नुभयो, 'जसरी उल्लासका साथ विमानस्थलको



उद्घाटन गर्‍यौं, त्यसरी नै नियमित सञ्चालनको सुनिश्चितता गर्नुपर्छ ।'

सामाजिक उत्थानका रुपान्तरणकारी परियोजना सञ्चालन गरेर गण्डकी प्रदेशलाई समुन्नत बनाउनुपर्ने उहाँको भनाइ छ । मुख्यमन्त्री अधिकारीले भौतिक पूर्वाधार मात्र नभएर सामाजिक विकासलाई आफूले प्राथमिकता राख्ने बताउनुभयो ।

उहाँले पोखरालाई विश्वकै आकर्षक गन्तव्यस्थलका रुपमा विकास गर्न महानगरसँग मिलेर काम गर्न प्रदेश सरकार तयार रहेको धारणा राख्नुभयो ।

## प्रतिबद्धता कार्यान्वयमा निकै ठूलो अवसर प्राप्त भएको छ : प्रधानमन्त्री

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनताको अगाडि गरेका प्रतिबद्धताको अक्षरशः कार्यान्वयनका लागि ठूलो अवसर प्राप्त गरेको महसुस गरेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले उठाउनुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले सदनमा उपस्थित सत्तापक्ष र प्रतिपक्षले समेत समर्थन गर्ने अवस्था पैदा हुनुलाई असाधारण अवस्थाको संज्ञा दिनुभयो । सोमबार नै आफूले प्रतिनिधिसभाको पहिलो बैठकपछि नै सिङ्गो सदनले नै विश्वासको मत व्यक्त गर्ने धारणा व्यक्त गरेको स्मरण गर्दै उहाँले आजको यो समर्थनलाई आफूमाथि ठूलो न्याय भएको बताउनुभयो । सबै दलको समर्थन पाएपछि आफूलाई अपार चुनौती र जिम्मेवारी थपिएको महसुस भएको बताउनुभयो । सबैजसो दलको समर्थनपछि जनताको लागि गरेको प्रतिबद्धता कार्यान्वयमा निकै ठूलो अवसर प्राप्त भएको प्रधानमन्त्रीको भनाइ थियो । समर्थन गर्ने दल र सांसदको भावनालाई आफूले सकारात्मक चुनौतीको रुपमा लिएको प्रधानमन्त्रीले स्पष्ट पार्नुभयो । सत्तापक्ष र प्रतिपक्ष मिलेर मुलुकमा सामु रहेको साझा समस्या समाधानका लागि पहल गर्ने दृढता व्यक्त गर्नुभयो ।

प्रधानमन्त्रीले सिङ्गो सदनको नै विश्वासको मत पाउनुलाई आफू राष्ट्रिय सहमतिको केन्द्रबिन्दुमा रहेको महसुस गरेको उल्लेख गर्नुभयो । आफूले पाएको अपार समर्थनअनुसार कार्य सम्पादन गर्न सकूला वा नसकूला वा न्यायपूर्ण तवरले सम्बोधन गर्न सकूला वा नसकूला भन्ने अवस्था भने रहेको उहाँको भनाइ छ ।

प्रधानमन्त्रीले भन्नुभयो, 'मैले समग्रमा जे अपिल गरे । त्यसको निकै नै सकारात्मक जवाफ प्राप्त भएको छ । म सबैलाई आभार व्यक्त गर्न चाहन्छु ।' सत्ता साझेदार दलहरू निश्चित नीति र कार्यक्रम नै एकताको आधार भएको उल्लेख गर्दै प्रधानमन्त्रीले अहिलेको जनमतअनुसार नै वर्तमान सरकार बनेको स्पष्ट पार्नुभयो ।

संविधान राज्यको मूल कानुन भएकाले कार्यान्वयन गर्ने कुरामा सबै पक्ष प्रतिबद्ध रहनुपर्नेमा जोड दिनुभयो । प्रधानमन्त्रीले विगतमा संसद् विघटन गर्नु सही हो वा होइन भन्नेबारेमा अहिले बहसको विषय नभएको स्पष्ट पार्नुभयो । उहाँले संविधानभन्दा दायाँबायाँ गर्ने छुट आफूलाई नभएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले संविधान कार्यान्वयनमा प्रतिबद्ध भएर लाग्ने दृढता व्यक्त गर्नुभयो । प्रधानमन्त्री दाहालले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले समेत समर्थन गरेपछि विभिन्न कुरा उठे पनि त्यसलाई आफूले सकारात्मकरूपमा लिएको बताउनुभयो । उहाँले आफूले दौरा सुरुवाल लगाएका विषयमा समेत सदनमा स्पष्ट पार्नुभयो । दौरा सुरुवाल आम नेपालीको पहिरन जस्तो भएकाले पनि त्यसलाई स्वीकार गरेको प्रधानमन्त्रीको भनाइ छ । प्रधानमन्त्रीले भन्नुभयो, 'म दौरा सुरुवाल कोटको विरोधी होइन तर, त्यो लगाउने अवसर जुरेको थिएन ।' शान्तिपूर्ण राजनीतिमा आएपछि पार्टीका नेताहरु मन्त्री बन्दा जे रुचि लाग्छ, त्यही लगाउनुस् भन्ने गरेको स्मरण गर्दै आफूलाई पनि उपयुक्त समयमा दौरा सुरुवाल लगाउँछु भन्ने लागेको सुनाउनुभयो ।

दौरा सुरुवाल लगाउन सक्ने विषय सञ्चारमाध्यममा आएपछि आम मानिसको प्रतिक्रिया पनि हेरेको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, 'नेगेटिभ कमेन्ट एउटै देखिन, पोजेटिभ मात्र देखेपछि अब मैले यो निर्णय लिनै पर्ने भयो । जन अभिमतअनुसार पनि लगाएको मात्र हुँ ।'

उहाँले नागरिकताविहीन नेपाली नागरिकलाई छ महिनाभित्र नागरिकता वितरण गर्ने प्रतिबद्धता व्यक्त गरिएको पुनः स्मरण गर्नुभयो । प्रधानमन्त्री दाहालले रेशम चौधरीलगायतको मुद्दा ऐनमा उपयुक्त व्यवस्था गरेर सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## राष्ट्रिय एकता दिवसका अवसरमा 'एकता रचना वाचन'

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालको संयोजन एवं गीताञ्जली साहित्य परिवार र विश्व हिन्दू महासंघ कास्कीद्वारा राष्ट्रिय एकता दिवसका अवसरमा मंगलबार रचना वाचन गरिएको छ ।

३०१ औं राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा 'एकता रचना वाचन' शीर्षकमा आयोजित कार्यक्रममा साहित्यकार मदन भण्डारी, अल्पविराम पोखरेली, छविलाल आचार्य, चन्द्रावती वाग्ले, शोभाकान्त गौडेल, बलराम तिमिल्सिना, वसन्त चालिसे, लक्ष्मण पौडेल, रुद्रबहादुर थापा, धर्मराज अल्पायु, नरेन्द्र रानाभाटलगायतले रचना वाचन गर्नुभयो । कार्यक्रममा एकता दिवस मूल समारोह समितिका संयोजक शङ्कर खरालले विगतका वर्षमा जस्तै जनस्तरबाट मूल समारोह आयोजना गरिएको बताउनुभयो । जनस्तरको आवाजकै कारण सरकारले कटौती गरेको एकता दिवसको बिदालाई पुनः सुरु गर्नुलाई प्राप्तिका रुपमा लिन उहाँले आग्रह गर्नुभयो । लोकनृत्य कलाकार संघ कास्कीका सल्लाहकार बबिता गुरुङले हरेक व्यक्तिले आ-आफ्ना ठाउँबाट इतिहासलाई मेटिन नदिनका लागि पहल गर्न आवश्यक रहेको बताउनुभयो ।

गीताञ्जली साहित्य परिवारका अध्यक्ष रामनाथ अधिकारी (सङ्गी)ले विगत केही वर्षदेखि विभिन्न संघसंस्थाको सहकार्यमा त्रिदिवसीय एकता दिवस विशेष कार्यक्रम साथ आयोजना हुँदै आएको बताउँदै २७ गतेको मूल समारोहमा सबैलाई सहभागी हुन आग्रह गर्नुभयो । कार्यक्रममा स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतम, राष्ट्रिय एकता दिवस मूल समारोह समितिका प्रचार संयोजक पार्वता पौडेल, गीताञ्जली साहित्य परिवारका पूर्वअध्यक्ष शिवप्रसाद गौतम, समाजसेवी जगन्नाथ कोइराला, एकबहादुर केसी, हरिचन्द्र आचार्यलगायतले एकता दिवसको महत्वबारे प्रकाश पार्नुभयो ।

## पोखरा महोत्सवको पूर्व सन्ध्यामा कार ऱ्याली

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

एघारौं पोखरा महोत्सवको पूर्वसन्ध्यामा पोखरामा कार ऱ्यालीको आयोजना गरिएको छ ।



पुष २७ देखी माघ ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने एघारौं संस्करणको पोखरा महोत्सवको पूर्वसन्ध्यामा आयोजक युनाइटेड क्लबले कार ऱ्यालीको आयोजना गरेको हो । महोत्सव स्थल अमरसिंह चौरबाट सुरु भएको कार ऱ्यालीको उद्घाटन गर्दै वडा प्रहरी कार्यालय राम बजारका प्रमुख प्रहरी निरीक्षक किरण रावतले एघारौं पोखरा महोत्सवको सफलताको कामना गर्दै महोत्सव अवधिभर महोत्सव स्थलको सुरक्षा ब्यवस्थालाई विशेष ध्यान दिने वताए । महोत्सव स्थल आफ्नो वडाको मातहतमा पर्ने भएकाले महोत्सव स्थलभित्र अन्य सुरक्षा निकायहरु संग समन्वय गरी महोत्सवलाई सुरक्षित बनाउने र महोत्सव स्थल बाहिर पनि सुरक्षालाई विशेष ध्यान दिने वताएका हुन ।

महोत्सव स्थलबाट शुरु भएको ऱ्याली अमरसिंहचोक, बुद्धचोक, पृथ्वीचोक, सृजनाचोक, रत्नचोक, राष्ट्रबैंक चोक, बैदाम, बाराहीचोक, हल्लनचोक, जिरो किमी, मालेपाटन हुदै बाग्लुङ बसपार्क, भिमसेनटोल, महेन्द्रपुल, रानीपौवा, भद्रकाली मियापाटन हुदै महोत्सव स्थलमा पुगेर टुंगिएको कार ऱ्याली संयोजक तथा एघारौं पोखरा महोत्सव स्वयंसेवक तथा बाल उद्यान संयोजक सन्तोष कार्कीले जानकारी दिए । कार ऱ्यालीमा दुइ दर्जन वढी कारको सहभागीता रहेको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा रंगशालामा छैन 'फ्लड लाइट'

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**

अन्तर्राष्ट्रियस्तरको पोखरा रङ्गशालामा 'फ्लड लाइट' छैन । ठूलो धनराशि खर्चेर बनाइएको रङ्शालामा बत्ती जडानको योजना भने अलपत्र परेको छ । 'फ्लड लाइट' नहुँदा रात्रिकालीन खेलकुद सञ्चालन गर्न सक्ने स्थिति छैन ।

अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा)को मान्यता पाउन पनि रङ्गशालामा 'फ्लड लाइट' अनिवार्य हुनुपर्छ । सोह्र हजार पाँच सय दर्शक क्षमताको स्तरीय रङगशाला भइकन पनि बत्ती जडान नहुनुलाई खेल क्षेत्रका पदाधिकारीले दुर्भाग्यका रूपमा लिएका छन् ।

पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मणप्रसाद योगीले बजेट अभावमा बत्ती जडान हुन नसकेको बताउनुभयो । "सङ्घ, प्रदेश सरकार कतैबाट बजेट परेको छैन, बत्ती जडानको योजना अन्योलमा छ", उहाँले भन्नुभयो, "फ्लड लाइटका लागि करिब रु १२ करोडको लागत अनुमान गरिएको छ ।" राष्ट्रिय खेलकुद परिषद्ले दुई वर्षअघि 'फ्लड लाइट'का लागि छुट्याएको रु पाँच करोड बजेट कोभिड-१९ महाव्याधिका कारण काम हुन नसकी फिर्ता भएको थियो । कार्यालय प्रमुख योगीले देशकै ठूलो र सुविधायुक्त रङ्गशालाको सञ्चालन तथा व्यवस्थापनमा सङ्घ र प्रदेश सरकारले हातेमालो गर्नुपर्ने उल्लेख गर्नुभयो । "सङ्घ र प्रदेश दुवैतिर 'फ्लड लाइट'का लागि बजेट माग गरिरहेका छौँ, स्रोतको सुनिश्चिता हुनासाथ रङ्गशालामा बत्ती जडानको काम अघि बढ्छ", उहाँले भन्नुभयो, "रङ्गशालाको विकास त प्रदेश सरकारको पनि दायित्वभित्र पर्छ, प्रदेशबाट पनि आवश्यक पहल हुनेमा हामी विश्वस्त छौँ ।" प्रदेश खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले अन्तर्राष्ट्रियस्तरको भएर पनि 'फ्लड लाइट' नहुँदा पोखरा रङ्गशालाको उपयोगिता खुम्चिन सक्ने धारणा राख्नुभयो ।

"साउथ एसियन टिम आउने खालका प्रतियोगिता पोखरा रङ्गशालामा खेलाउन सक्नुपर्छ, त्यसका लागि फ्लड लाइटलगायत अन्तर्राष्ट्रिय मापदण्डका पूर्वाधार चाहिन्छ", उहाँले भन्नुभयो, "ठूलो लगानी परेको रङ्गशालाबाट राज्यले पनि लाभ लिनुपर्‍यो, खेल गतिविधि बढ्दा यहाँको आर्थिक गतिविधि पनि चलायमन हुन्छ ।"

सदस्यसचिव गुरुङले खेल क्षेत्रमा अझै सङ्घीयता आउन नसक्नुको मार पोखरा रङ्गशालाले पनि खेपिरहेको बताउनुभयो । सङ्घ सरकार मातहत रहेको रङ्गशाला व्यवस्थापन र सञ्चालनमासमेत प्रदेशसँग सहकार्य हुन नसकेको उहाँले बताउनुभयो ।

"रङ्गशालाको व्यवस्थापन र प्रयोगमा केन्द्र सरकार उदार हुनसकेको छैन, त्यसले गर्दा प्रदेश सरकारलाई पनि हामीले किन लगानी गर्ने ? भन्ने भान परिरहेको छ", सदस्यसचिव गुरुङले भन्नुभयो, "अब त्यसरी नसोची सबै मिलेर रङ्गशालाको विकासमा काम गर्नुपर्छ ।" साँझ र रात्रिपख प्रतियोगिता राख्न सकिएमा जागिरे र कामकाजी मानिसले समेत खेलबाट फाइदा लिन सक्ने उहाँको भनाइ छ ।

प्रतियोगितामात्रै नभएर रात्रिकालीन खेलाभ्यासका लागि पनि रङ्गशालामा 'फ्लड लाइट' अत्यावश्यक रहेको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिनानाथ बरालले बताउनुभयो । पटक-पटक यो विषय उठ्ने गरे पनि राज्यका खेलसम्बद्ध निकायले बेवास्ता गर्ने गरेको उहाँको भनाइ छ ।

"सवा अर्बभन्दा बढीको लागतमा बनेको अन्तर्राष्ट्रिय मापदण्डको रङ्गशालामा फ्लड लाइट नहुनु दुर्भाग्य हो", अध्यक्ष बरालले भन्नुभयो, "दुई वर्षअघि नै बत्ती जडानका लागि काम थाल्ने भनिए पनि त्यसले अझै सार्थकता पाउन सकेको छैन ।" नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअघि नै बत्ती जडान गर्ने राखेपको प्रतिबद्धता पनि पूरा हुन सकेन । गत असोजमा गण्डकी प्रदेशमा भएको उक्त प्रतियोगिताअन्तर्गत फुटबललगायत मुख्य खेल पोखरा रङ्गशालामा भएका थिए । रु एक अर्ब २८ करोडको लगानीमा तीन वर्षअघि रङ्गशाला निर्माण गरिएको थियो । हाल १६ हजार पाँच सय दर्शक क्षमता रहेकामा त्यसलाई बढाएर २० हजार पुर्‍याउने सरकारको योजना छ । मोफसलको प्रतिष्ठित फुटबल प्रतियोगिता आहा ! रारा पोखरा गोल्डकपलगायत प्रतियोगिता पोखरा रङ्गशालामै हुँदै आएका छन् ।

# पोखरामा मिडियाकप फुटसलको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**

रेडियो सराङ्कोटको १६ औं वार्षिकोत्सवको अवसरमा बुधबार अन्तर मिडियाकप फुटसल प्रतियोगिता हुदैछ ।

रेडियोले स्थापनादेखि विविध समुदायमुखी सामाजिक कार्यहरु गर्दै आएकोमा यस वर्ष पोखराका मिडिया संस्थाहरुबीच मैत्रीपूर्ण सम्बन्ध गाँस्न भन्दै फुटसल प्रतियोगिता गर्न लागिएको र सो को तयारी समेत पुरा भएको रेडियोका कार्यकारी निर्देशक कृष्ण थापाले बताए ।

पोखरामा रहेका मिडियाहरु एकल तथा ३ वटा सम्म मिडिया संस्थाहरुबिच समूह बनाई प्रतियोगिता सहभागिता रहेको रेडियोका स्टेशन प्रमुख योगेन्द्र श्रेष्ठले बताए । प्रतियोगितामा प्रथम हुनेलाई नगद रु.४० हजार, दोश्रोलाई रु. २५ हजारका साथै मेडल प्रमाणपत्र सहित सहभागी खेलाडीहरुलाई विषयतगत उत्कृष्टताको आधारमा सम्मान गर्ने तयारी आयोजकले गरेको छ । सोही अवसरमा पोखरामा कार्यरत महिला पत्रकाहरुबिच मैत्रीपूर्ण खेल समेत हुने भएको छ । सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्थाद्वारा वि.सं. २०६३ सालमा सुरु गरिएको रेडियोले यसअघि प्रतिभाको खोजी, प्रणय गजल प्रतियोगिता, पहिलो मिडियाकप, आकस्मिक रक्तदानका साथै दैनिक रुपमा रेडियो प्रसारण गर्दै आएको छ । मिडिया कप फुटसल प्रतियोगिता गणेशटोलस्थितवि.फिटस्पोर्टसमा हुने आयोजकले जनाएको छ ।

# नेरेसो पोखरा २६ को २९ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**



पोखरा महानगरपालिका वडा न २६ मा रहेको नेपाल रेडक्रस सोसाईटी पोखरा २६ उपसाखाको २९ औं बार्षिक साधारण सभा सम्पन्न भएको छ ।

साधारण सभाको उद्घाटन गर्दै नेरेसो कास्की साखाका सदस्य राजेश घिमिरेले रडक्रसले समाज परिवर्तनका लागि खेलेको सामाजिक भुमिका बारेमा ग्रामिण तहसम्म पुऱ्याउनु पर्नेमा जोड दिएका थिए । सोही अवसरमा नेकपा माओवादीका नेता तथा अक्षयकोषदाताँ झलकपाणी तिवारीले हुनेले नुहुनेलाई आर्थीक देखि भौतिक सहयोग गर्नु नै रेडक्रसको मुल मर्म भएको धारणा राखेका थिए । उप साखाका सभापति शैलेन्द्रमोहन भटराईको अध्यक्षतामा भएको कार्यक्रममा सस्थापक अध्यक्ष नारायण प्रसाद वराल,नेपाली काग्रेसका नेता शिवजी रानाभाट,नेरेसो पोखरा २७ उप शाखाका सभापति तिलकशालि सापकोटा,स्वर्गीय सावित्रृमोहन अक्ष्यकोषका संरक्षक अंविका मोहन भटराई लगाएतले रेडक्रस अभियानका बारेमा जानकारी गराएका थिए ।

सोही अवसरमा उप साखाले संचालनमा ल्याएको दण्डपाणी तिवारी अक्षयकोषबाट लक्ष्मी माविका पुनम नेपाली र रामज्योती माविका सन्देस राई र सावित्रृमोहन अक्ष्यकोषबाट अमरज्योती माविका निराज घिसिङरभावनीकालिकामाविकी संगिता अधिकारीलाई पुरस्कृत गरिएको थियो भने समुदायको तर्फबाट स्वर्गीय इन्द्र बहादुर घर्तीकी धर्मपत्नी भीममाया घर्तीलाई सन्मान गरिएको थियो ।

सस्थाका कार्यवाहाक सचिव महेन्द्र ढुगानाले संचालन गरेको कार्यक्रममा उपाध्यक्ष देविमाया ढुगानाले स्वागत र सदस्य दुर्गा तिमिल्सेनाले रेडक्रस शिध्यान्तका बारेमा जानकारी गराएको थिए । यसैविच सोही भेलाले रित्त रहेका सचिवमा कार्यसमिति सदस्य महेन्द्र ढुगाना र सदस्यमा बुद्धराज बस्याललाई चयन गरेको छ ।

# एकता रचनावाचन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**




जरोटुप्पो संरक्षण साहित्य समाज नेपालको संयोजनमा गीताञ्जली साहित्य परिवार र विश्व हिन्दू महासंघ कास्कीको आयोजनामा एकता रचनावाचन कार्यक्रम सम्पन्न भएको छ ।

३०१ औं राष्ट्रिय एकता दिवसको पूर्व सन्ध्यामा विगतका वर्ष जस्तै मंगलवार बिहान उक्त कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै एकता दिवस मूल समारोह समितिका संयोजक शंकर खरालले विगतका वर्षमा जस्तै जनस्तरबाट मूल समारोह आयोजना गरिएको बताए । जनस्तरको आवाजकै कारण सरकारले कटौती गरेको एकता दिवसको विदालाई पुनः शुरु गर्नुलाई प्राप्तिका रुपमा लिन आग्रह गरे । साथै उनले रचनावाचनमा सहभागी कवि कलाकारलाई मूल समारोहमा प्रमाणपत्र प्रदान गरिने जानकारी गराए । लोकनृत्य कलाकार संघ कास्कीकी सल्लाहकार बबिता गुरुङले हरेक व्यक्तिले आ-आफ्ना ठाउँबाट इतिहासलाई मेटिन नदिनका लागि पहल गर्न आवश्यक रहेको बताइन् ।

स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतमले आकाशतिर फर्केर थुक्दाको छिटा कता जान्छ भन्ने चेतनास्तर नभएका हाम्रा राजनेताका कारण भित्तेपात्रोमा रहेको पुस २७ को विदा झिक्ने र राख्ने शृङ्खलाबाट सबैले पाठ सिक्नुपर्ने धारणा राखे । ३०१ औं राष्ट्रिय एकता दिवस मूल समारोहकी प्रचार संयोजक पार्वता पौडेलले पृथ्वीनारायण शाहका दिव्य उपदेशलाई सबैले मनन् गर्न गरे आम नेपालीमा संवृद्धि आउने बताइन् । कार्यक्रममा गीताञ्जली साहित्य परिवारका पूर्व अध्यक्ष शिवप्रसाद गौतम, समाजसेवी जगन्नाथ कोइराला, एकबहादुर केसी, हरिचन्द्र आचार्यले एकता दिवसका बारे आफ्ना धारणा राखेका थिए । एकता रचनावाचन नाम दिइएको कार्यक्रममा साहित्यकार मदन भण्डारी, अल्पविराम पोखरेली, छविलाल आचार्य, चन्द्रावती वाग्ले, शोभाकान्त गौडेल, बलराम तिमिल्सिना, वसन्त चालिसे, लक्ष्मण पौडेल, रुद्रबहादुर थापा, धर्मराज अल्पायु, नरेन्द्र रानाभाटलगायतले रचना वाचन गरेका थिए । गीताञ्जली साहित्य परिवारका अध्यक्ष रामनाथ अधिकारी संगीले विगतका केही वर्षदेखि विभिन्न संघसंस्थाको सहकार्यमा त्रिदिवसीय एकता दिवस विशेष कार्यक्रम आयोजना हुँदै आएको बताउँदै २७ गतेको मूल समारोहमा सबैलाई सहभागी हुन आह्वानसमेत गरे ।

# सभामुखको निर्वाचन माघ ५ मा

**रासस**
**काठमाडौं, २६ पुस**

प्रतिनिधिसभाको सभामुख पदको निर्वाचन आगामी माघ ५ गते हुने भएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराले सो जानकारी दिनुभयो ।

उहाँले सभामुखको निर्वाचनका लागि संघीय संसद् सचिवालयका महासचिव भरतराज गौतमलाई निर्वाचन अधिकृत तोक्नुभएको छ । नेपालको संविधानमा निर्वाचनपछि प्रतिनिधिसभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने प्रावधान छ । गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनपछि प्रतिनिधिसभाको पहिलो बैठक यही पुस २५ गते बसेको थियो । प्रतिनिधिसभाको अर्को बैठक आगामी माघ ५ गते बिहान ११ बजे बस्नेछ ।

# गोरखा नगरपालिकाको नाम 'पृथ्वीनारायण' राख्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**

राष्ट्रिय प्रजातन्त्र पार्टी गोरखाले गोरखा नगरपालिकाको नाम परिवर्तन गरेर 'पृथ्वीनारायण नगरपालिका' राख्न माग गरेको छ ।

नगरप्रमुख कृष्णबहादुर रानामगरलाई ज्ञापनपत्र बुझाउँदै राप्रपा गोरखाले नाम परिवर्तन गर्न माग गरेको हो । राप्रपाका जिल्ला उपाध्यक्ष सुदीप ढकाल नेतृत्वको टोलीले नगरप्रमुख रानामगरलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा गोरखा नगरपालिकाको अगुवाइमा सदरमुकामको ठूलो आँगनमा पृथ्वीनारायण शाहको शालिक राखिएकामा नगरपालिकालाई धन्यवाद राप्रपाले धन्यवाद दिएको छ । मुलुक सङ्घीय संरचनामा जानुअघि गोरखा नगरपालिकाको नाम पृथ्वीनारायण नगरपालिका रहेको थियो । सङ्घीयता कार्यान्यनसँगै नगरपालिकाको नाम परिवर्तन गरी 'गोरखा' राखिएको हो । यसैबिच नेपाल एकिकरणका अभियन्ता पृथ्वीनारायण शाहको ३०१औँ जन्मजयन्ती मनाउन गोरखामा धुमधामका साथ तयारी थालिएको छ । पृथ्वीजयन्तीको पूर्वसन्ध्यामा आज गोरखा सदरमुकाम क्षेत्र राष्ट्रिय झण्डासहितको ध्वजापताकाले सजाइएको छ । बुधबार ठूलो आँगनमा नेपाली सेना र गोरखा नगरपालिकाले निर्माण गरेको पृथ्वीनारायण शाहको पूर्णकदको शालिक अनावरण गर्ने कार्यक्रम रहेको नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# साझा कार्यक्रम कार्यान्वयनमा शंका

प्रतिनिधिसभामा विश्वासको मत लिनु अघि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले आफ्नो नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम सार्वजनिक गरेको छ । सरकारलाई समर्थन गर्ने दलहरूले उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा सरकारको न्युनतम साझा कार्यक्रम मस्यौदा गर्न कार्यदल गठन गरेको थियो । सरकारमा रहेका दलहरूले एमाले अध्यक्ष केपी शर्मा ओली संयोजक रहेको संयन्त्र बनाएका छन । शिर्ष नेताहरूले अनुमोदन सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् । वर्तमान सरकार गठनमा सहभागी दलहरूले विकास र समृद्धिका जनचाहना एवं समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने संकल्पका साथ नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम सार्वजनिक गरेका छन।अनावश्यक खर्चले गर्दा संघीयता र प्रणालीमाथि नकारात्मक चर्चा चलेका सरकारले सार्वजनिक खर्च कटौती गर्ने घोषणा गरेको छ ।

यस आर्थिक वर्षका लागि सवारीसाधन खरिदलगायत कार्यालय सञ्चालन खर्च कटौती गरिने भएको छ । सरकारले राजस्व चुहावट रोक्नुका साथै कर प्रणालीलाई थप प्रगतिशील बनाउने,‘राजस्व प्रशासनलाई थप चुस्त, दुरुस्त तथा करदातामैत्री बनाउने, कर छली, आयातमा न्यूनबिजकीकरण, चोरी-पैठारी, तस्करी तथा हुन्डी कारोबारजस्ता गतिविधिको अन्त्य गर्ने,कार्यक्रम छ।’ करका दरहरू हेरफेर गर्दा व्यावसायिक तटस्थता कायम गर्ने । पुर्ववर्ती सरकारमा अर्थमन्त्रालय व्यापारी घरानाले चलाएको आरोप खेप्नुपरेको थियो । तटस्थता कायम गर्न सकेपनि ठुलो सुधार मान्नुपर्ने हुन्छ । नीति कार्यक्रममा महँगी नियन्त्रण गर्ने, कालाबजारी, अखाद्य वस्तुहरूको मिसावट र वस्तु तथा सेवामा हुने सिन्डिकेट प्रणाली अन्त्य गर्नेसमेत उल्लेख छ। ‘दैनिक उपभोगका वस्तुहरूको आपूर्ति सहज तुल्याउने, सार्वजनिक संस्थानबाट आपूर्ति हुने सबै प्रकारका वस्तु र सेवाको मूल्य उचित तहमा राख्न ‘बजार अनुगमनलाई प्रभावकारी बनाउँदै उपभोक्ता हितलाई सर्वोपरि प्राथमिकता दिने ।’ कार्यक्रमअनुसार चल्न कर्मचारी तन्त्र चल्न सक्छन् कि सक्दैनन् राजनीतिक नेतृत्वको परिक्षा हुनेछ ।

स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्ने, राष्ट्रिय पुँजीको विकास गर्ने र मुलुकलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने गरी ‘मेक इन नेपाल’ अभियान सञ्चालन गरिने भएको हो । ‘स्वदेशमा उत्पादन हुने खाद्य वस्तु, जुत्ता, औषधि, सिमेन्टजस्ता वस्तुहरूको उत्पादन र उपयोगलाई प्राथमिकता दिने कार्यक्रम छ । उद्योग-व्यवसाय दर्ताका लागि सुरुकै बिन्दुबाट सबै प्रकारका स्वीकृतिहरू उपलब्ध हुने सुनिश्चित गर्न टाइम कार्डको व्यवस्था गर्ने घोषणा गरिएको छ। सरकारले ‘कोही भोकै पर्दैन, भोकले कोही मर्दैन’को अवधारणा लागू गर्न कृषि उत्पादन वृद्धि र आपूर्तिमा व्यापक सुधार गर्ने घोषणा गरेको छ। कामका लागि खाद्यान्न तथा नगद कार्यक्रमबाट प्रतिवर्ष एक लाख परिवार र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रतिवर्ष तीन लाख परिवारलाई खाद्य सुरक्षा प्रदान गर्ने घोषणा गरिएको छ । कुनै पनि नेपाली नागरिक सडक मानवको अवस्थामा रहन नपर्ने सुनिश्चित गर्ने नीति कार्यक्रममा उल्लेख छ ।

त्यस्तै, ‘एक घर एक खानेपानीको धारा’ कार्यक्रम सञ्चालन गरी सबै नागरिकको घरमा स्वच्छ खानेपानी पुऱ्याउने नीति लिइएको छ। ‘सबै परिवारलाई मासिक १० हजार लिटरसम्म पानी निःशुल्क उपलब्ध गराउने’ नीति कार्यक्रममा उल्लेख छ । साथै, लिफ्ट प्रविधिबाट सञ्चालित खानेपानीको विद्युत् डिमान्ड शुल्क हटाउने बताइएको छ । कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्न उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उत्पादनमा आत्मनिर्भर हुन, कृषकको आय र जीवनस्तरमा सुधार ल्याउन र निकासी वृद्धि गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको प्रभावकारी कार्यान्वयन गर्ने घोषणा गरिएको छ ।

सबै कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुग्ने गरी सिँचाइ आयोजनाहरू समयमै सम्पन्न गर्ने तथा आगामी तीन वर्षमा सतह तथा भूमिगत सिँचाइबाट तराई-मधेसको थप तीन लाख हेक्टर जमिन सिञ्चित गर्ने लक्ष्य लिइएको छ । सिँचाइलाई वर्षायामको बिजुली महसुलमा ५० प्रतिशत र हिउँदयामको बिजुलीमा २५ प्रतिशत छुट दिने घोषणा गरिएको छ। मल कारखाना स्थापना गर्ने तथा मल खरिद व्यवस्थामा आवश्यक परिमार्जन गरी कृषकलाई समयमा नै सुपथ मूल्यमा मल र बिउ उपलब्ध गराउने नीति तथा कार्यक्रममा उल्लेख छ । गार्हस्थ्य उपभोगका निम्ति वर्षायाममा मासिक ५० युनिट र हिउँदयाममा मासिक ३० युनिट विद्युत् निःशुल्क उपलब्ध गराउने भएको छ। पाँच वर्षमा विद्युत् उत्पादन क्षमता ६५ सय मेगावाट र प्रतिव्यक्ति विद्युत् खपत सात सय किलोवाट घन्टा पुऱ्याउने घोषणा गरिएको छ । सरकारले गरेको बिजुली,पानी, रोजगारी र खाद्य सुरक्षाका भरपर्दो श्रोत सुनिश्चित नभएको हुँदा कार्यक्रम देखाउनका लागि हुनेछ। सबैको मिलिजुली खाने बानी परेको हुँदा कार्यान्वयन हुन्छ भन्न सकिदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ‘खोरका सबै बङ्गुर मरे, पुनः विदेशिनुपर्ने भो’

**पोखरापत्र संवाददाता**
**तनहुँ, २६ पुस**

भीमाद नगरपालिका-६ का सुरवीर थापाले १७ वर्ष वैदेशिक रोजगारीमा बिताउनुभयो । ‘सधैँ विदेशमा पसिना बगाउनुभन्दा स्वदेशमै केही गरौँ र परिवारको साथमा बसौँ’ भन्ने भावना उहाँ बोकेर चार वर्षअघि घर फर्किनुभयो ।

घर फर्किएपछि थापाका दम्पतीले बङ्गुर व्यवसाय थाल्नुभयो । फार्ममा रहेका आठ बङ्गुर अप्रिकन स्वाइन फिभरका कारण एकाएक मरेपछि उहाँका सपना सबै चकनाचुर बन्न पुगेको छ। करिब २० धार्नी बढी किलोग्रामका बङ्गुर मरेर खोर नै रित्तिएपछि पुनः विदेशिनुपर्ने अवस्था आएको कृषक थापाले बताउनुभयो ।

जिल्लामा पहिलोपटक भीमाद नगरपालिकामा अफ्रिकन स्वाइन फिभर सङ्क्रमण देखापरेसँगै बङ्गुर मरेपछि बङ्गुरपालन कृषक चिन्तित भएको भेटेरेनरी तथा पशुविज्ञ केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो। उक्त रोगविरुद्ध अहिलेसम्म भ्याक्सिन बनेको छैन । उहाँले भन्नुभयो, “नेपालमा अफ्रिकन स्वाइन फिभर देखापरेसँगै जिल्लाका कृषकलाई बङ्गुर घटाउन भने पनि नमान्दो धेरै क्षति व्योहर्नुपर्ने अवस्था देखिएको छ।”

अफ्रिकन स्वाइन फिभर सङ्क्रमण हुँदा बङ्गुरमा उच्च ज्वरो आउने, खाना मन नगर्ने, झोक्राउने, पेट र कानमा रगतका धब्बा देखापर्ने, मृत्युदर सय प्रतिशत हुनेलगायतका लक्षण देखापर्ने केन्द्र प्रमुख डा श्रेष्ठले बताउनुभयो । थापाको फार्ममा रहेका आठवटै बङ्गुर अचानक मरेपछि पोखरास्थित प्रयोगशालामा परीक्षण गर्दा अफ्रिकन स्वाइन फिभर देखिएको उहाँले जानकारी दिनुभयो ।

केन्द्रका पशु चिकित्सक र प्राविधिक टोलीले अहिले जिल्लाका बङ्गुर फार्ममा पुगेर अनुसन्धान गर्न थालेका छन् । केन्द्रका प्रमुख डा श्रेष्ठले भन्नुभयो, “यस रोगका कारण एक चरण बङ्गुर मरेर सकिन्छ होला भन्ने अनुमान गरेका छौँ ।” तनहुँको भीमाद र म्याग्दे गाउँपालिका- ५ मा गरी हालसम्म २२ बङ्गुर मरिसकेको सो केन्द्रले जनाएको छ ।

# ‘मेड इन नेपाल एक्स्पो २०७९’ सुरु

**रासस**
**काठमाडौं, २६ पुस**

‘मेड इन नेपाल एक्स्पो २०७९’ सुरु भएको छ । नेपाली युवा उद्यमी मञ्च चितवनको आयोजनामा चितवन महोत्सव परिसरमा एक्स्पोको आयोजना गरिएको हो । एक्स्पोको मङ्गलबार भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले उद्घाटन गर्नुभयो ।

एक्स्पोमा ४० वटा स्टल रहेका छन् । दश वटा स्टार्ट अप बिजनेशका स्टल रहेका छन् । भर्खरै उद्यमशील बनेका युवाहरूबीच ‘बिजनेश आइडिया’को विषयमा मञ्चले प्रतिस्पर्धा गराउँदैछ । उत्कृष्ट हुनेले नगद रु एक लाख पुरस्कार पाउने छ । एक्स्पोको उद्घाटन कार्यक्रममा उपप्रमुख अधिकारीले नेपाली उत्पादनको प्रवर्द्धनका लागि एक्स्पोले सहयोग पुग्ने बताउनुभयो । महागनरले पनि बेलाबखत सीपमूलक तालिमको आयोजना गर्दै आएको भन्दै उहाँले उत्पादन र रोजगारी सिर्जनालाई प्राथमिकतामा राखिएको बताउनुभयो । ‘स्थानीय उत्पादन वृद्धि र रोजगार सिर्जना गराउने काममा युवा उद्यमीसँग सहकार्य गर्न महानगर सदैव तयार छ’, उहाँले भन्नुभयो । उद्योग वाणिज्य सङ्घ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले विदेशमा सीप सिकेर आएका युवालाई स्वदेशमा नै उत्पादनसँग जोड्न एक्स्पोले मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। चितवन उद्योग सङ्घका अध्यक्ष त्रिलोचन कँडेलले नेपाली उत्पादनले विदेशी उत्पादनसँग पनि प्रतिस्पर्धा गर्न सरकारले पनि सहयोग गर्नुपर्ने बताउनुभयो । नेपाली युवा उद्यमी मञ्च चितवनका अध्यक्ष सूर्यभक्त अधिकारीले सरकारको न्यूनतम साझा कार्यक्रम ‘मेक इन नेपाल’लाई ‘मेड इन नेपाल एक्स्पो’ले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ साविक आर्वा उपल्लो गाउँमा सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः दादरदेखि देउस्वारा पानडाडा सडक स्तरोन्नती**
**स्थानः पोखरा–१३ साविक आर्वा उपल्लो गाउँ**
**योजना सम्झौता मिति : २०७९/०८/१८ गते**
**योजना सुरु भएको मिति : २०७९/०८/१९ गते**
**योजना सम्पन्न हुने मितिः २०७९/१०/०१ गते**
**योजनाको कुल लागत : रु. ८,५७,१४३।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.८,००,०००।–**
**जन सहभागितावाट : रु.८९,०००।–**
**जम्मा खर्चः ८,८९,०००।–**

**दादरादेखि देउस्वारा पानडाडा सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१३, साविक आर्व**


# कुश्मामा लायन्स लेकसिटीको आँखा शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**




लायन्स क्लब अफ पोखरा लेकसिटी तथा दृष्टिविहीन कल्याण संघ कास्कीको संयुक्त आयोजनामा पर्वत जिल्ला कुश्मा नगरपालिकाको शिवालय माविमा मंगलबार आँखा जाँच शिविर सम्पन्न भएको छ ।

हिमालयन आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा सम्पन्न शिविरमा २२० जनाको आँखा परीक्षण गरिएको लायन्स क्लब अफ लेकसिटी एवं कार्यक्रमका अध्यक्ष कैलाशदेव पालिखेले जानकारी दिए। तीमध्ये २१ जनाको विशेष उपचार र ६७ जनालाई निःशुल्क औषधि वितरण गएिको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथिलायन्स क्लब इण्टनेसनल ३२५ के नेपालका साइट फर्स्ट चिफ टोपबहादुर थापाले आँखा परीक्षण शिविर आयोजना गरेर उदाहरणी कार्य गरेको बताए ।

विशेष अतिथि शिवालय मावि व्यवस्थापन समिति अध्यक्ष तथा कुश्मा ६ का वडाध्यक्ष इश्वर गिरीले पछपछिल्लो समय बढ्दै गएको आँखाको समस्या निरुपणमा यस्ता कार्यक्रमले सघाउने विचार व्यक्त गरे । हिमालय आँखा अस्पतालका दृष्टिरोग विशेषज्ञ डाक्टर नविन बरालले बेलेमा आँखा जाँच गराए दृष्टिविहीन हुनबाट बच्न सकिने बताए ।

कार्यक्रममा लायन्स पोखरा लेकसिटीका पदाधिकारी र कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको कार्यक्रम संचालक तथा नेपाल दृष्टिविहीन कल्याण संघ कास्कीका सदस्य नारायण शर्माले बताए ।

# रोगका कारण अग्निखेतका बङ्गुर फार्म रित्तिए

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ पुस**

महामारीजन्य ‘अफ्रिकन स्वाइन फिवर’ का कारण बेनी नगरपालिका-७ अग्निखेतका बङ्गुर फार्म रित्तिएका छन् ।

पुस दोस्रो हप्तादेखि भित्रिएको महामारीका कारण अग्निखेतमा रहेका सबै फार्मका बङ्गुर मरेका हुन् । अग्निखेतको प्रकृति एन्ड प्रशंसा बङ्गुर फार्मका सञ्चालक कृष्ण विकले १२ फार्म अफ्रिकन स्वाइन फिवरको महामारीले रित्तिएको बताउनुभयो ।

“दस वर्षदेखि बङ्गुर पाल्दै आएको थिए, यस्तो महामारी कहिल्यै आएको थिएन्”, उहाँले भन्नुभयो, “यसपालि मेरो फार्ममा मात्र रु ३० लाख मूल्यका ६० बङ्गुर मरे, एउटा पनि बाँकी रहेन ।” सबै फार्ममा रु दुई करोड मूल्य बराबरको क्षति भएको विकले बताउनुभयो । जिल्ला सदरमुकाम बेनी बजारको नजिकै रहेको अग्निखेतमा एकै ठाउँमा धेरै बङ्गुर फार्म छन् । यहाँका कृष्ण विक, टीका रोका, पूर्वराज घर्ती, नरे रोका, देवेन्द्र कामी लगायतका कृषकले अग्निखेतमा बङ्गुर पाल्नुभएको थियो । कृषक टीका रोकाले बङ्गुरपालन व्यवसायबाट विस्थापित हुने अवस्था आएको बताउनुभयो । “तत्काल नयाँ बङ्गुर पाल्न सक्ने वातावरण र हैसियत छैन, पेसाबाट नै विस्थापित हुनुपर्ने भयो”, उहाँले भन्नुभयो, “घरव्यवहार चलाउन र छोराछोरी के गरेर पढाउने भन्ने चिन्ताले पिरोलिएका छौँ ।” पोखराबाट बङ्गुर ल्याएपछि अग्नीखेतमा अफ्रिकन स्वाइन फिवर भित्रिएको हो ।

बेनी बजारका घर तथा होटलमा बढी भएर फाल्ने गरिएको खाना बङ्गुरलाई दानाका रूपमा खुवाउने गरिएको थियो । बङ्गुर फार्म लैजान छाडेपछि घर तथा होटलमा बढी भएको दाल, भात, तरकारीको व्यवस्थापन गर्न समस्या भएको बजारवासीले बताएका छन् । धमाधम बङ्गुर मर्न थालेपछि नमुना सङ्कलन गरेर परीक्षणका लागि प्रयोगशाला पठाइएको थियो । यही पुस ११ गते यहाँका बङ्गुर फार्ममा अफ्रिकन स्वाइन फिवर भित्रिएको पुष्टि भएको थियो । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख जीवनप्रसाद आचार्यले बेनीको अग्निखेत र अन्नपूर्ण गाउँपालिकाको नौलीबगरमा अफ्रिकन स्वाइन फिवरबाट दुई सय ७५ बङ्गुर मरेका बताउनुभयो । “रोग नियन्त्रणमा नआएसम्म बङ्गुर ओसार पसार गर्न रोकिएको छ”, उहाँले भन्नुभयो, “कृषकलाई सावधानी अपनाउन आग्रहका साथै नियन्त्रणका लागि पशु चिकित्सक र प्राविधिक परिचालन गरिएको छ ।” जैविक सुरक्षा र सतर्कता अपनाइएकाले जिल्लाका अन्य फार्ममा महामारी फैलिन नपाएको प्रमुख आचार्यले बताउनुभयो । रोगबाट मरेका बङ्गुरलाई व्यवस्थित तरिकाले जमिनमा गाडिएको छ ।

बिरामी बङ्गुरमा ज्वरो बढी आउने, बान्ता गर्ने, झोक्र्याउने र शरीरमा नीलो डाम देखिने लक्षण देखिएको छ। पशु सेवा विभागले यस रोगलाई उच्च मृत्युदर भएको ‘अति खतरनाक’ महामारीजन्य रोग भनेको छ । विभागका अनुसार यो रोग पशुबाट मानिसमा भने सर्दैन। सन् २०१८ मा भारत, चीन र भूटानमा देखिएको यो रोग नेपालमा गत वर्षको चैतमा काठमाडौँमा देखिएको थियो ।

# राष्ट्रनिर्माताको सम्मानमा गोरखामा विगुल बजाउँदै सेना

**रासस**
**काठमाडौं, २६ पुस**

नेपाली सेनाले आफ्ना संस्थापक पृथ्वीनारायण शाहको ३०१ औँ जन्मजयन्तीका अवसरमा बुधबार मुलुकभर विभिन्न कार्यक्रम गरी मनाउने भएको छ।

सोही क्रममा गोर्खा दरबारको ठूलो आँगनमा राष्ट्रनिर्माताको पूर्णकदको शालिकको प्रधानसेनापति प्रभुराम शर्माले अनावरण गर्नुहुने नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले जानकारी दिनुभयो । गोर्खा नगरपालिका र सेनाको स्थानीय पल्टनको सहकार्यमा उक्त कार्यक्रम हुनेछ।

सेनाले बुधबारदेखि नै त्यहाँ हरेक दिन बिहान र बेलुका राष्ट्रनिर्माताको सम्मान विगुल बजाएर सलामी दिने कार्यको शुभारम्भ गर्नेछ।

यसैबीच, राष्ट्रनिर्माताले राज्य एकीकरण गर्ने क्रममा प्रयोग गरेको मार्गमा विसं २०७६ देखि सेनाले पृथ्वीजयन्तीका अवसर पारी हरेक वर्ष ‘एकीकरण पदयात्रा’ गर्दैआएको छ । यस वर्ष पनि गोरखाबाट पुस २१ गतेदेखि सुरु भएको पदयात्रा धादिङ, नुवाकोट हुँदै आज हनुमानढोका दरबारमा आइपुगेको छ। उक्त पदयात्रामा सेनाका पृथ्वीनारायण कालिन पाँचवटा पल्टनका झण्डा, राष्ट्रिय झण्डा र दीपज्योति बोकेर सैनिक टोलीले मार्चमा निस्केकोमा निर्धारित यात्रा पूरा गरी आज हनुमान ढोका आइपुगेको छ।

उक्त पदयात्रा टोली बुधबार बाजागाजासहित हनुमान ढोकाबाट निस्केर नगर परिक्रमा पछि जङ्गीअड्डास्थित राष्ट्रनिर्माताको पूर्णकदको शालिक नजिक आयोजना गरिने विशेष समारोहमा सहभागी हुनेछ । त्यहाँ सेनाले संस्थापकप्रति सलामीसहित श्रद्धाञ्जलि अर्पण गर्नेछ।

पृथ्वीजयन्तीकै अवसरमा सैनिक मुख्यालयमै नेपाली सेनाव्यापी कविता प्रतियोगिताका विजयीलाई पुरस्कार वितरण गरिने कार्यक्रम छ । सेनाले बुधबार नै त्यहाँ इतिहासविद् र प्राज्ञबाट दिव्यपदेश सम्बन्धमा प्रवचन कार्यक्रमको आयोजना गरेको प्रवक्ता भण्डारीले जानकारी दिनुभयो । नेपाली सेनाका परमाधिपति विद्यादेवी भण्डारीले सिंहदरबारको पश्चिम मूलद्वारा अगाडि रहेको पृथ्वीनारायण शाहको शालिकमा पुष्पहार अर्पण गरी राष्ट्रनिर्माताप्रति श्रद्धाञ्जलिका साथ सम्मान व्यक्त गर्ने कार्यक्रम छ।

सरकारले धेरै वर्षपछि पृथ्वीजयन्तीका अवसरमा मुलुकभर र विदेशस्थित नेपाली दूतावास तथा कूटनीतिक नियागमा समेत बुधबार सार्वजनिक बिदा दिने घोषणा गरिसकेको छ । यसै बीच, राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसर पारेर हरेक वर्ष जलपान समारोहको आयोजना गर्दैआएको छ ।

# प्रेमबहादुरको सङ्घर्ष: 'छ दशकदेखि घुम्तीगोठमा गाईभैँसी पालन'

–कमल खत्री

बेनी, २६ पुस (रासस)

धवलागिरि गाउँपालिका-४ मुदीका प्रेमबहादुर घर्तीमगर उमेरले ७४ वर्ष पार गर्नुभयो । उमेरले बुढ्यौली लागे पनि उहाँको दैनिकी भने घुम्ती गोठमै बित्ने गरेको छ । पुर्ख्यौलीरूपमा गरिँदै आएको घुम्ती गोठ राखेर गाईभैँसीपालन गर्ने पेसालाई घर्तीमगरको परिवारले निरन्तरता दिएका छन् ।

छ बहिनी छोरी र दुई भाइ छोरासमेतको पारिवारिक जिम्मेवारीलाई घर्तीमगर र उहाँकी श्रीमती इनदेवीले घुम्ती गोठ राखेर जीविकोपार्जन गर्दै आउनुभएको छ । हिउँदमा बेँसीका फाँटमा झरेका गाईभैँसीका गोठलाई घर्तीमगर दम्पतीले बर्खायाममा लेकका बुकीसम्मै पुऱ्याउने गर्छन् । घर्तीमगरको दम्पतीले यसरी गोठमै करिब छ दशक समय बिताइसकेका छन् ।

उहाँहरूको गोठमा अहिले ३२ भैँसी र २२ वटा गाई छन् । गोठमा रहेका गाइभैँसीमध्ये १२ वटा भैँसी र सातवटा गाई दुहुना छन् । गाईभैँसीको दूधबाट उत्पादन हुने घिउबाट आम्दानी हुने भए पनि गाईभैँसी नै बिक्री भने न्यून हुने गरेको प्रेमबहादुर बताउनुहुन्छ । गाईभैँसीको घिउ प्रतिमाना रु एक हजार २०० मा बिक्री हुने गरेको छ । "भूगोल टाढा छ, अनकन्टार जङ्गल, भिर, पहाडसम्मै पुगेर गोठ राख्छौँ, यहाँ गाईभैँसी नै किन्न आउनेको सङ्ख्या कम छ, थोरै मात्रामा राँगा र खेतबारी जोत्ने उद्देश्यले बहर गोरु बिक्री हुन्छन्, दुःखअनुसारको प्रतिफल नभए पनि हामीले गोठाला जीवनलाई निरन्तरता दिएका छौँ", उहाँले भन्नुभयो । घर्तीमगरको पुर्खाहरूले समेत गोठ राखेर नै पशुपालन गर्दै आउनुभएको थियो । बुवा दलप्रसादले समेत पुर्खाहरूले गर्दै आएको भेडासहित गाईभैँसीपालन गरेका कारण आफूले पुर्खाको पेसालाई निरन्तरता दिएको प्रेमप्रसाद बताउनुहुन्छ । प्रेमप्रसादका छ भाइ दाजुभाइमध्ये चार परिवारले गाईभैँसी र भेडापालन गर्नुभएको थियो । अधिकांशले अहिले पनि घुम्ती गोठ राखेर गाईभैँसीपालन गर्दै आउनुभएको छ ।

हिउँदयाममा लेकबाट मुदी फाँटमा झरेको घुम्ती गोठमा अहिले उहाँकी दुई छोरीले घर्तीमगरको दम्पतीलाई सारथि बनेर सहयोग गर्दै आउनुभएको छ । यहाँका घुम्ती गोठलाई अर्चे, भारबाङ, धुलीबास, तिरिजा, लामठारा, सेतढुङ्गालगायतका ठाउँमा पुऱ्याउने गरिन्छ । भिर उक्लिएर बुकीसम्म पुग्नुपर्ने घर्तीमगर दम्पतीको दैनिकीमा उकाली-ओराली, अनकन्टार जङ्गलको बास, खोलानाला, बाढी, पहिरो, बर्खाको अविरल वर्षा र हिउँदको हिमपात जीवनमा दोहोरिरहने सङ्घर्षका पाटाहरू हुन् । छोराछोरीले गोठालो पेसा छाड्न अनुरोध गरे पनि उहाँहरूको मन भने अझै गोठालो छाडेर घरमा बस्न मानेका छैन । "हामीले गोठमै जीवन फाल्यौँ, छोराछोरी हुर्कायौँ, पढायौँ, कोही विदेशसम्म पुगेका छन्, बाबुबाजेले पनि गोठ राखेर जीवन बिताए, हामीले पनि च्याट्ट छोड्न सकेका छैनौँ", प्रेमबहादुरकी पत्नी इनदेवी घर्तीमगरले भन्नुभयो । 'मुदीको साहु'को नामले पारिवारिक विरासत बोकेका घर्तीमगरको परिवारले पुर्ख्यौलीरूपमा गाईभैँसी र भेडापालनसँगै ठूलो मात्रामा खेतीबालीसमेत गर्ने गर्थे । आफूहरू सानो छँदा बुवाआमाले एक सय मुरीसम्म कोदो उत्पादन गरेको प्रेमबहादुर स्मरण गर्नुहुन्छ । अहिले पनि पशुपालनसँगै परम्परागत खेतीका रूपमा कोदो, मकै, जौँ, गहुँलगायत खेतीलाई उहाँको परिवारले निरन्तरता दिएका छन् ।

अध्ययन र रोजगारको सिलसिलामा घर्तीमगर दम्पतीको जेठा छोरा र कान्छी छोरी जापान र कान्छा छोरा चीन पुगेका छन् । ठाइली छोरी जगदेवी स्वास्थ्यकर्मी र काइँली कमला शिक्षक हुनुहुन्छ । जेठी, माइली र साइली छोरीले गोठमा बस्नुपरेका कारण अध्ययनको उचित अवसर नभएकाले बुवाआमाकै गोठाला पेसामा आफूलाई समाहित गर्नुभएको छ । बुवाआमाले गोठ नछाडेका कारण आफूहरू पनि उहाँहरूकै दैनिकीमा लागेको साइली छोरी छानदेवी बताउनुहुन्छ । "घरमा गोठ भएपछि हामी पनि स्कुल नगएर गोठमै भुल्यौँ, पछि प्रौढ शिक्षामार्फत सामान्य लेखपढमात्रैमा सीमित भयौँ, अहिले बुवाआमासँगै गोठमै गाईभैँसीको स्याहारसुसार र रेखदेख गर्छौं", उहाँले भन्नुभयो । गाईभैँसीलाई चरनले मात्रै नपुग्ने भएकाले हिउँदयामका लागि खर, सुकेको घाँस र रुखको डाले घाँसको समेत बन्दोबस्त गर्नुपर्ने छानदेवीको भनाइ छ ।

तेह्र वर्षको उमेरदेखि नै गोठ बस्न थाल्नुभएका घर्तीमगर हिजोआज भने गोठालो संस्कृति हराउँदै गएकामा चिन्तित हुनुहुन्छ । उमेरका कारण गोठमा बस्न सक्ने अवस्था कमजोर बन्दै गएपछि उहाँले कसैले गोठ किनेर चलाए हुन्थ्यो भन्ने आशामा हुनुहुन्छ । "पहिले यहाँका हरेक घरबाट गोठमा गाईभैँसी र भेडाबाख्रा पाल्न गोठाला बस्ने चलन थियो, पछिल्लो समय यो प्रचलन हराउँदै गएको छ, अहिले हामी केही हातमा गन्न मिल्नेमात्रै गोठाला छौँ, कसैले गोठ राखेर गाईभैँसीपालन गर्न चाहेमा मैले बिक्री गर्ने योजना बनाएको छु", घर्तीमगरले भन्नुभयो ।

एकै ठाउँमा मात्रै राखेर पालन नगरिने र घुम्तीरूपमा गोठ सारिरहनुपर्ने भएकाले पनि प्रेमबहादुरलाई गोठालो जीवन सास्तीपूर्ण बन्न थालेको छ । घरबाट गोठसम्म खाद्यान्नलगायतका खर्चको भारी ल्याउन जानसमेत कठिन हुन थालेको उहाँको अनुभव छ । पुर्ख्यौली पशुपालनलाई व्यावसायीकरण बनाउन नसकेको र परम्परागत र निर्वाहमुखी पशुपालनबाट जीविकोपार्जन हुन नसकेपछि पछिल्लो समय ग्रामीण भेगमा घुम्ती पशुपालनको प्रचलन हराएर जान थालेको छ ।



तनहुँको व्यास नगरपालिका-१४ केशवटारमा मंगलबार आयोजित एकीकृत घुम्ती शिविरमा सेवा लिँदै सर्वसाधारण । घुम्ती शिविरबाट दुई सय ४२ लाभान्वित भएका छन् । तस्बिर : कृष्ण न्यौपाने, रासस

# गलकोटमा बसपार्क नहुँदा समस्या

पोखरापत्र संवाददाता

बागलुङ, २६ पुस

बागलुङको पुरानो सदरमुकाम हो, गलकोट । गलकोट बजारमा पछिल्लो समय तीव्र गतिमा बस्ती विस्तार भइरहेको छ । बस्ती विस्तारसँगै सवारी साधनको चाप पनि उत्तिकै छ । दैनिक हजारौँ मानिस आवतजावत हुन थालेपछि गलकोटमा बसपार्कको अभाव खड्केको हो । बजार सानो छ तर व्यापार व्यवसाय र मानिसको चाप बढ्दै जाँदा बसपार्कका आवश्यकता महसुस भएको छ ।

भौगोलिक हिसाबले पछाडि परे पनि गलकोटमा राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग परेपछि विकासका ढोका खुलेका छन् । राजमार्गका कारण छोटो समयमै अनपेक्षित रूपमा विकास भएपछि यहाँ धेरै संरचना निर्माण गर्नुपर्ने देखिएको छ । दैनिकजसो सयौँ साना तथा ठूला सवारीसाधान व्यवस्थापन गर्न निकै चुनौती थपिएको छ ।

बढ्दो अव्यवस्थित बस्ती विस्तारले बजार व्यवस्थापनमा चुनौतीसमेत थपिँदै गएको छ । जसमध्ये पार्किङ पनि चुनौतीका रूपमा रहेकाले बसपार्क आवश्यक भएको गलकोट नगरपालिकाका प्रवक्ता तथा वडा नं २ का अध्यक्ष हिमबहादुर भण्डारीले बताउनुभयो । बसपार्कका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न समस्या भएको भण्डारीको भनाइ छ । यद्यपि बसपार्कका लागि जग्गा खोज्ने काम भने भइरहेको उहाँको भनाइ छ । जग्गा नपाउँदासम्म वैकल्पिक ट्राफिक व्यवस्थान गरिएको भण्डारीले जानकारी दिनुभयो ।

"पछिल्लो दशक गलकोटको जनघनत्व बढी भयो, सवारीसाधान पनि बढेका छन्", उहाँले भन्नुभयो, "अब यहाँ बसपार्क अनिर्वाय भयो, यसका लागि जग्गा व्यवस्थापनको प्रयास भइरहेको छ ।" जग्गा व्यवस्थापन भएपछि प्रदेश र सङ्घ सरकारसँग सहकार्य गरी बसपार्क निर्माण गर्ने भण्डारीले बताउनुभयो

"गलकोट बजार पहिलेदेखिनै साँघुरो थियो, लोकमार्ग जोडिएपछि भवन थपिए, व्यापार व्यवसाय बढ्यो, सवारी साधन पनि थपिए, जसले गर्दा बजारमा पार्किङको चुनौती थपिएको छ", उहाँले भन्नुभयो । हाल दैनिक गलकोट बजार भएर लोकमार्गमा सयौँ सवारीसाधान गुड्ने उहाँको भनाइ छ । व्यवसायी छबिलाल शर्माले दिनप्रति दिन गाडी र मान्छेको चाप बढेकाले बजार अस्तव्यस्त भएको बताउनुभयो । शर्माले भन्नुभयो, "गलकोट बजारमा व्यवसाय गर्न समस्या हुँदै गएको छ, बजार व्यवस्थापन पनि राम्रोसँग हुनसकेको छैन, लोकमार्गमा चल्ने र यहाँबाट पोखरा, काठमाडौँ, बुटवल जाने गाडीको भीड उस्तै हुन्छ ।" शर्माले सवारी साधनको चाप बढेपछि गलकोट क्षेत्रमा एउटा बसपार्क आवश्यक रहेको बताउनुभयो । गलकोटमा एक दशक अघिसम्म सामान्य बजार रहेको भन्दै लोकमार्ग आएपछि घरले बजार भरिएको उहाँको भनाइ छ । बढ्दो जनघनत्व तथा लोकमार्गमा हुँदै रुकुम, रोल्पादेखि चौबिसै घण्टा सदरमुकाम बागलुङ बजार, पोखरा, चितवन, काठमाडौँ चल्ने ठूला तथा साना सवारीसाधनको आवतजावतले बसपार्कको अभाव खड्किएको उहाँ बताउनुहुन्छ । गाडी चालक हरिबहादुर खड्काले बजारमा पार्किङको व्यवस्था नहुँदा यात्रु र चालकले सास्ती खेप्नु परेको बताउनुहुन्छ । उहाँले बजार सानो भए पनि गाडीको चापले गर्दा सामान अनलोड गर्न र यात्रु खोज्न समस्या भइरहेको बताउनुभयो । बजारको निश्चित ठाउँमा पार्किङको व्यवस्था गर्नुपर्ने खड्काको भनाइ छ ।

उहाँ भन्नुहुन्छ- "बजारमा गाडी कहाँ पार्किङ गर्ने भन्ने चिन्ता हुन्छ, बजारमा धेरै गाडी वरपर राख्ने ठाउँ छैन, सरकारले यहाँ एउटा बसपार्क बनाइ दिए हामीहरू जस्ता चालकलाई सजिलो हुन्थ्यो, अहिले एकातिर प्यासेन्जर, अर्कातिर गाडी र सामान हुन्छन्, निकै समस्या छ यहाँ ।"

# गगनगौँडा फाँटमा उत्पादन बढ्दै, जमिन घट्दै

–वासुदेव पौडेल

गण्डकी, २६ पुस (रासस)

"यै माटो यही धर्तीमा लडिबुडी खेलेर हुर्क्यो तन

जस्को अन्न र पानी खाई दिनहुँ जो पूर्ण भो जीवन

त्यै धर्ती टुहुरो गराइ कसरी बस्छौं युवा बाहिर

यिन्लाई यसरी चटक्क भुलदा लाग्दैन कि क्यै पीर ?" (कुन्तीदेवी भट्टराईको 'धरतीको पुकार' नामक कवितामा भनेजस्तै पछिल्लो समयमा रोजगारीको खोजीमा युवा बाहिरिने क्रमसँगै खेतीयोग्य जमिन बाँझो हुँदै गएका छन् । पछिल्लो समयमा सिँचाइसँगै कृषिमा भित्रिएका आधुनिक प्रविधिले उत्पादन बढ्दै गए पनि जनशक्तिको अभावमा जग्गा बाँझै बसेका छन् भने कतिपय उब्जाउयोग्य जमिन पनि प्लटिङ गर्दै बस्तीमा परिणत हुँदै आएको छ । कृषिप्रति अनिच्छा बढिरहेको अवस्थामा पोखरा महानगरपालिका-३२ को गगनगौँडा क्षेत्रको फाँट भने यतिखेर तोरीबारीले पहेँलै बनाएको छ । तोरीसँगै झपक्क फुलेको फापर र लहलहाएको आलुबारी निकै मनमोहक देखिन्छ छ । यहाँ कृषिप्रति आकर्षण बढीरहेपनि बढ्दो बस्ती विकासका कारण बर्सेनि खेतीयोग्य जमिन घडेरी बन्दै बस्तीमा परिणत हुन थालेको स्थानीयवासी एवं स्कुल टोल विकास संस्थाका अध्यक्ष बलराम केसी बताउनुहुन्छ ।

"फाँटमा कृषि उत्पादन बर्सेनि बढ्दै गएको छ नै त्योसँगै बढ्दो बस्ती विकासका कारण बर्सेनि घरहरू पनि थपिँदै गएका छन्", उहाँ भन्नुहुन्छ, "पछिल्ला केही वर्षदेखि यो फाँटमा १२ महिना खेती हुँदै आएको छ ।" गगनगौँडा फाँटमा वर्षायाममा रोपिएको धान काटेसँगै आलु, फापर तथा तोरी लगाउने र आलु तथा तोरी भित्र्याएसँगै मकै लगाउने गरिएको छ । उत्पादन पनि अपेक्षित रूपमा राम्रो हुँदै जाँदा बर्सेनि कृषिप्रतिको आकर्षण बढिरहेको अध्यक्ष केसी उल्लेख गर्नुहुन्छ । कृषि उत्पादन प्रतिको आकर्षणलाई दृष्टिगत गरी राज्यले पनि यस क्षेत्रमा चासो दिनुपर्ने उहाँको भनाइ छ । गगनगौँडा फाँटमा विसं २०४५ अघिसम्म वर्षे धान मात्रै लगाउने गरिन्थ्यो । स्थानीयवासी एवम् बेगनास सिँचाइ उपभोक्ता समूह विटुका पूर्वअध्यक्ष घनश्याम खनालका अनुसार विगतमा एक बालीमात्रै उत्पादन हुने फाँटमा बेगनास सिँचाइ आयोजनाको नहर आएसँगै हिउँदमा पनि खेती गर्न थालिएको हो । बस्ती विकासका दृष्टिले गगनगौँडा पुरानै ठाउँ भए पनि बीचको समयमा औलोलगायत समस्याका कारण यहाँबाट अन्य स्थानमा बसाइँ सरेको पाइन्छ । औँलो उन्मुलनसँगै सिँचाइ उपलब्ध भएपछि विस्तारै यस क्षेत्रमा बसोबासको क्रम बढेको बताउँदै उहाँ प्राचीन बस्तीका रूपमा रहेका पुरानो गाउँ, ढकाल खोरलगायत स्थानमा अहिले भने बसोबास नरहेको उल्लेख गर्नुहुन्छ । विशेष गरी गगनगौँडाको उपल्लो भागमा भरतपोखरी, निर्मलपोखरी, देउराली थुम्कीलगायत स्थानबाट धेरैजसो मानिस बसाइँ सरेर आएका छन् भने तल्लो भागमा सेराबेँसी, थप्रेक, नयाँगाउँ, चोयाबिसौना, दगामलगायत स्थानबाट बसाइँ सरेर आएका छन् ।

गगनगौँडाको बस्ती विकासमा बेगनास तालको पानी महत्वपूर्ण बनेको स्थानीयवासी बताउँछन् । लेखनाथ क्षेत्रको सबैभन्दा ठूलो यस तालबाट आएको पानीका कारण गगनगौँडासँगै खुदी, राजाचौतारा, मालमूललगायत स्थानमा सिँचाइ उपलब्ध भएको छ । कूल तीन दशमलव७३ वर्ग किलोमिटर (३७३ हेक्टर ) जमिन रहेको यस तालमा विसं २०४४मा बाँध बाधेपछि दुई सय २० हेक्टरबाट तीन सय ७३ हेक्टर क्षेत्रफल ओगटेको थियो । यही बाँधबाट निकालिएको नहरले गगनगौँडासँगै लेखनाथको खुदी, मालमूललगायत फाँटमा भएको सिँचाइले यस क्षेत्रको बस्ती विकासमा महत्वपूर्ण बनेको स्थानीयवासीको तर्क छ । सिँचाइको उपलब्धतासँगै यस क्षेत्रमा बर्सेनि कृषिप्रति आकर्षण बढ्दै गएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरिया बताउनुहुन्छ । गगनगौँडालगायत आसपासमा हिउँदे तोरी, आलु, फापर आदिको राम्रौ उत्पादन हुने गरेको उहाँको भनाइ छ । कृषिप्रतिको बढ्दो आकर्षणसँगै यस क्षेत्रमा कृषिको विकासलाई महानगरले प्राथमिकतामा राख्नका लागि पोखरा महानगरपालिका-३२ कै राजाचौतारा क्षेत्रमा केही दिन अघि मात्रै माटो परीक्षण गरिएको महाशाखा प्रमुख कडरिया बताउनुहुन्छ । किसानबाट संस्थागतरूपमा प्रयास भएका अवस्थामा महानगरबाट सहयोग गर्न सहज हुने उल्लेख गर्दै कडरिया त्यसका लागि उनीहरूको जागरुकताको आवश्यकता औँल्याउनुहुन्छ । कृषियोग्य जमिनमा उत्पादन बढ्दो क्रममा रहेपनि बढ्दो बस्ती विकास भने चुनौतीका रूपमा रहेको उहाँको भनाइ छ ।

# सबस्टेसन बनेपछि विद्युत् आपूर्ति भरपर्दो

पोखरापत्र संवाददाता

तनहुँ, २६ पुस

तनहुँको घिरिङ गाउँपालिकामा विद्युत् सबस्टेसन निर्माण भएपछि दुई जिल्लाका सर्वसाधारण लाभान्वित भएका छन् । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडतर्फ घिरिङ-४ मा ३३/११ केभीको घिरिङ सबस्टेसन निर्माण सम्पन्न भएपछि दुई जिल्लाका चार पालिकाका सर्वसाधारण लाभान्वित भएका हुन् ।

तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गरिरहेको एक सय ४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत घिरिङ सबस्टेसन निर्माण गरिएको छ । सामाजिक विकास कार्यक्रमअन्तर्गत आयोजना प्रभावित तनहुँमा विद्युतीकरण गर्न र विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो तथा गुणस्तरीय बनाउन सबस्टेसन निर्माण गरिएको आयोजना प्रमुख राजाभाइ सिल्पकारले जानकारी दिनुभयो । घिरिङ सबस्टेसनमा ६/८ एमभिए क्षमताको पावर ट्रान्सफर्मर राखिएको छ । स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि सबस्टेसनबाट ११ केभीका तीनवटा फिडर लाइन निकालिएको छ । ११ केभीको एउटा फिडर लाइन जगेडामा राखिएको छ । सबस्टेसनमार्फत तनहुँको भिमाद नगरपालिका तथा घिरिङ गाउँपालिकाको सम्पूर्ण क्षेत्र र ऋषिङ गाउँपालिका तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को केही भागमा विद्युत् आपूर्ति हुनेछ । यसबाट त्यस क्षेत्रका उपभोक्ताले भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति पाउनेछन् ।

प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत कार्यान्वयन भएको 'तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना'मार्फत तनहुँको शुक्लागण्डकी नगरपालिका-५ स्थिति खैरेनीटार सबस्टेसनबाट घिरिङसम्म १९ किलोमिटर ३३ केभी प्रसारण लाइन निर्माण गरिएको छ । आयोजनाअन्तर्गत नै तनहुँको बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीको सबस्टेसन निर्माणको काम अन्तिम चरणमा पुगेको जनाइएको छ ।

तनहुँकै मार्कीचोक सबस्टेसनदेखि डुम्रेसम्मको ३३ केभी प्रसारण लाइनलाई बन्दीपुर-५ याम्पाफाँटमा ट्यापिङ गरी सराङघाट सबस्टेसनसम्म पुऱ्याउने ३३ केभी लाइनको निर्माण पनि अन्तिम चरणमा छ । आयोजनाअन्तर्गत तनहुँका विभिन्न ठाउँमा विभिन्न क्षमताका ७० नयाँ वितरण ट्रान्सफर्मर जडान र ११ केभी लाइन निर्माण गरिएको छ । दुई सबस्टेसन निर्माण तथा विद्युतीकरणका लागि इष्ट इन्डिया उद्योग/वाइवा इन्फ्राटेक जेभीसँग विसं २०७५को मङ्सिरमा ठेक्का सम्झौता गरिएको थियो ।

ग्रामीण विद्युतीकरणअन्तर्गतका सम्पूर्ण कार्य चालू आर्थिक वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । नेपाल सरकार तथा विद्युत् प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलितपूर्ण ऋणमा आयोजना कार्यान्वयनमा ल्याइएको हो ।

# टि-ट्वान्टी क्रिकेट : विराटनगर फाइनलमा

रासस

काठमाडौं, २६ पुस

पहिलो संस्करणको नेपाल टि-ट्वान्टी क्रिकेट लिगमा विराटनगर सुपर किंग्स फाइनलमा प्रवेश गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा विराटनगरले जनकपुर रोयल्सलाई ३९ रनले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो । विराटनगरले दिएको एक सय ६८ रनको लक्ष्य जनकपुरले १९ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै एक सय २८ रन मात्र बनाउन सक्यो ।

जनकपुरको लागि चाडविक वाल्टनले सर्वाधिक ५१ रनको योगदान दिए भने कप्तान ट्राभोन ग्रिफिथले ३४ रन बनाए । तेस्तै खडक बोहोराले १४ रन बनाए ।

विराटनगरका राज नानन र कियोन जोसेफले समान तीन तीन विकेट लिए भने नन्दन यादवले २ विकेट लिए । तेस्तै सूर्य तामाङले १ विकेट लिए ।

त्यसअघि पहिले टस जितेर पहिले ब्याटिङ गरेको विराटनगरले २० ओभरमा ६ विकेट गुमाएर एक सय ६७ रन बनाएको थियो । विराटनगरका लागि गौरान्शु शर्माले ४२ रन जोडे भने अर्जुन साउदले ३५ रन बनाए । तेस्तै राज नाननले ३३ तथा हुसेन तलतले ३१ रन बनाए । जनकपुरका लागि जितेन्द्र मुखियाले २ तथा सोमपाल कामी, सरफुदिन असरफ, ललित नारायण राजवंशी र शमीउल्लाह शिनवारीले समान १/१ विकेट लिए । बुधबार हुने फाइनल खेलमा विराटनगरले लुम्बिनी अल स्टारसँग खेल्नेछ । प्रतियोगिताको विजेता टोलीले रु ५५ लाख पाउनेछ भने उपविजेताले रु ३० लाख पाउनेछ ।